संघीय संसद

राष्ट्रिय सभा

अठारौं अधिवेशन

बैठक-२७

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

२०८२ असार १८ गते बुधवार

*पहीलोः बैठक प्रारम्भ ११:२० बजे*
*पहिलोः बैठक स्थगित २: ५२ बजे*
*दोस्रोः बैठक प्रारम्भ ३ :१० बजे*
*दोस्रोः बैठक स्थगित ४: १८ बजे*

---

संघीय संसद, राष्ट्रिय सभाको अठारौं अधिवेशनको सत्ताइसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न ११:२० बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य कृष्ण बहादुर रोकायले** रुकुम पश्चिमको सानोभेरी गाउँपालिकामा विद्युत अवरुद्ध भएको दुई महिना भन्दा बढि भएकोले छिटो सेवा सुचारु गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य घनश्याम रिजालले** राष्ट्रिय ट्रमा सेन्टरमा बेड क्षमता विस्तार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य रुकमिणी कोइरालाले** सङ्घीयता सबलीकरण गर्न आवश्यक ऐन कानुन समयमै निर्माण गर्नुपर्ने जिकिर गर्नुभयो।

**माननीय सदस्य रेनु चन्दले** बैतडीमा खेल स्टेडियम निर्माण तथा विस्तार गर्न बजेटको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु कुमारी सापकोटाले** स्थानीय र प्रदेशका कर्मचारीले सहज रुपमा सरुवाको अवसर पाउने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले** दलित समुदायको अधिकार र विकासको लागि बनेको मस्यौदा विधेयक छिटो अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले** निजामती सेवा विधेयकमा भएको चलखेलको घोर भर्त्सना गर्नुभयो।

**माननीय सदस्य सावित्री मल्लले** निजामती सेवा विधेयकमा भएको चलखेलको बारेमा सत्यतथ्य छानविन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्यालले **"संघीय निजामती सेवा विधेयक, २०८०"** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्नुभयो।

त्यसपछि, **माननीय उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले सहरी विकास मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, माननीय उपप्रधानमन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा माननीय सदस्य गोमा देवी तिमल्सिनाले स्पष्टीकरण माग गर्नुभयो।

त्यसपछि, माननीय उपप्रधानमन्त्रीले उक्त स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्नुभयो।

त्यसपछि, **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्का**ले **ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

माननीय मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा देहायबमोजिमका माननीय सदस्यले स्पष्टीकरण माग गर्नुभयो।

१. माननीय सदस्य किरण बाबु श्रेष्ठ
२. माननीय सदस्य घनश्याम रिजाल
३. माननीय सदस्य राधेश्याम पासवान
४. माननीय सदस्य नारायण दत्त मिश्र
५. माननीय सदस्य पुजा चौधरी

त्यसपछि, माननीय मन्त्रीले उक्त स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्नुभयो।

त्यसपछि, **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल**ले **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

माननीय मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा देहायबमोजिमका माननीय सदस्यले स्पष्टीकरण माग गर्नुभयो।

१. माननीय सदस्य कृष्ण बहादुर रोकाय
२. माननीय सदस्य राधेश्याम पासवान

त्यसपछि, माननीय मन्त्रीले उक्त स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्नुभयो।

त्यसपछि, **माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरदसिंह भण्डारी**ले **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, **माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्त**ले **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

माननीय मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा देहायबमोजिमका माननीय सदस्यले स्पष्टीकरण माग गर्नुभयो।

१. माननीय सदस्य कृष्ण बहादुर रोकाय

२. माननीय सदस्य राधेश्याम पासवान

त्यसपछि, माननीय मन्त्रीले उक्त स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्नुभयो।

त्यसपछि, **माननीय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरी**ले **युवा तथा खेलकुद मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको माननीय मन्त्रीले जवाफ दिनुभयो।

माननीय मन्त्रीले दिनुभएको जवाफका सम्बन्धमा माननीय सदस्य पदम बहादुर परियारले स्पष्टीकरण माग गर्नुभयो।

त्यसपछि, माननीय मन्त्रीले उक्त स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्नुभयो।

त्यसपछि, **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारी**ले **कृषि तथा पशुपन्छी विकास मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, **माननीय रक्षा मन्त्री मानबीर राई**ले **रक्षा मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको दिनुभयो।

त्यसपछि, **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङको तर्फबाट माननीय भौतिक, पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल**ले **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**ले **अर्थ मन्त्रालय र सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट राष्ट्रपतिको कार्यालय; उपराष्ट्रपतिको कार्यालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "**विनियोजन विधेयक, २०८२**" को **दफा २ देखि ११ सम्म** र सोसँग सम्बन्धित **अनुसूची १ र २ "विनियोजन विधेयक, २०८२ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा <u>बहुमत</u>ले अङ्ग बन्यो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको देहायबमोजीको प्रस्तावना र नाम पढेर सुनाउनुभयो:

**"<u>प्रस्तावना:</u>** आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि सङ्घीय सञ्चितत कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,
संघीय संसदले यो ऐन बनाएको छ ।

**<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम **"विनियोजन ऐन, २०८२"** रहेको छ।
(२) यो ऐन सम्वत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।"

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **“विनियोजन विधेयक, २०८२ को अङ्ग बनोस्”** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले अङ्ग बन्यो।

त्यसपछि, **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**ले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **“विनियोजन विधेयक, २०८२ लाई पारित गरियोस्”** भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले पारित भयो।

त्यसपछि, **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**ले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **“आर्थिक विधेयक, २०८२ माथि विचार गरियोस्”** भन्ने प्रस्ताव पेस गर्नुभयो।

उक्त प्रस्तावमाथिको छलफलमा देहायबमोजिमका माननीय सदस्यहरुले भागलिनु भयोः

१. माननीय सदस्य डा. बेदुराम भुसाल
२. माननीय सदस्य गोपी बहादुर सार्की आछामी
३. माननीय सदस्य गंगा कुमारी बेलबासे
४. माननीय सदस्य घनश्याम रिजाल
५. माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी

त्यसपछि, **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **बहुमत**ले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **आर्थिक विधेयक, २०८२** माथि सुझाव पेस गर्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम राष्ट्रिय सभा तर्फको विधेयक शाखामा सुझाव पेस गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**ले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **“राष्ट्र ऋण उठाउने विधेयक, २०८२ माथि विचार गरियोस्”** भन्ने प्रस्ताव पेस गर्नुभयो।

त्यसपछि, उक्त प्रस्तावमाथिको छलफलमा माननीय सदस्य किरण बाबु श्रेष्ठले भागलिनु भयो।

त्यसपछि, **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **बहुमत**ले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **आर्थिक विधेयक, २०८२ र राष्ट्र ऋण उठाउने विधेयक, २०८२** माथि सुझाव पेस गर्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम राष्ट्रिय सभा तर्फको विधेयक शाखामा सुझाव पेस गर्न सक्नुहुने व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि, माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार विधेयक, २०८० माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

उक्त प्रस्तावमाथिको छलफलमा देहायबमोजिमका माननीय सदस्यले भागलिनु भयोः

१. माननीय सदस्य पदम बहादुर परियार

२. माननीय सदस्य गंगा कुमारी बेलबासे

३. माननीय सदस्य किरण बाबु श्रेष्ठ

त्यसपछि, **माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेल**ले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **१ देखि ८६** मा उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **१ देखि ८६** मा उल्लिखित संशोधनहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"भन्सार विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको **दफा २ देखि १५५ सम्म** प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"भन्सार विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको देहायको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

"**प्रस्तावना**ः भन्सार प्रक्रियालाई व्यवस्थित, विश्वसनीय, पारदर्शी तथा उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सहज तथा सुरक्षित बनाउन र महसुल सङ्कलनमा दक्षता तथा प्रभावकारिता अभिवृद्धि गर्नका लागि भन्सार सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**भन्सार ऐन, २०८२**" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

त्यसपछि, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भन्सार विधेयक, २०८० को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले अङ्ग बन्यो।

त्यसपछि, माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "**भन्सार विधेयक, २०८० लाई पारित गरियोस्**" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८२ साल असार २० गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।।

(पद्मप्रसाद पाण्डेय)
महासचिव